सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



♦ वर्ष ९ ♦ अंक ३० ♦ २०८२ साल असोज २ विहिवार ♦ 18 Sep 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


# मधेश प्रदेशको राजनीतिक संकट थप जटिल बन्दै

## मुख्यमन्त्री सिंह पद छाड्न अस्वीकार गर्दै संवैधानिक प्रक्रियाबाटै सामना गर्ने अडानमा

**खबर दर्पण समाचारदाता**

**असोज १ गते, बर्दिवास**

मधेश प्रदेशको राजनीतिक संकट थप जटिल बनेको छ । जनमत पार्टीले आफ्ना मुख्यमन्त्री र मन्त्रीहरूलाई सरकारबाट फिर्ता बोलाइसकेको छ। तर, मुख्यमन्त्री सतिशकुमार सिंह भने पद छाड्न अस्वीकार गर्दै संवैधानिक प्रक्रियाबाटै सामना गर्ने अडानमा उभिएका छन् ।

भदौ २४ गते 'जेनजी आन्दोलन' चर्किंदै गएपछि तत्कालीन परिस्थितिमा जनकपुरधामलाई थप क्षति हुन नदिने तर्क गर्दै मुख्यमन्त्री सिंहले राजीनामाको घोषणा गरेका थिए । तर, अवस्था सामान्य हुँदै गएपछि उनले राजीनामा फिर्ता लिए । सिंहले आन्दोलनकारीहरूले राजीनामा मागेकाले तत्काल निर्णय गरेको र पछि परिस्थिति फरक देखिएकाले पद नत्याग्ने निर्णय गरेको बताएका छन् ।

यसपछि जनमत पार्टीले प्रदेश प्रमुखको कार्यालयमार्फत सिंहलाई फिर्ता बोलाउने पत्र दर्ता गराएको छ । तर, सिंहले अहिलेसम्म औपचारिक राजीनामा दिएका छैनन् ।

यसबीचमा उद्योग मन्त्री बसन्त कुशवाहा र वन मन्त्री संजय यादव भने राजीनामा दिइसकेका छन् ।

मुख्यमन्त्री सिंहले भने, 'म राजीनामा दिन्नँ, प्रदेशसभामा के हुन्छ त्यही सामना गर्छु । राजीनामा दिन तयार थिएँ, लेखिसकेको पनि थिएँ, तर त्यतिबेला प्रदेश प्रमुख जनकपुरमा नहुँदा बुझाउन सकिएन ।' उनले पार्टीभित्रकै केही नेताले जानाजानी राजीनामा प्रक्रियालाई गिजोल्ने काम गरेको आरोप पनि लगाए ।

तर, पार्टीले औपचारिक रूपमा सरकारबाट फिर्ता बोलाइसकेपछि अब निर्णय प्रदेशसभामै हुने उनले स्पष्ट पारे । 'यदि प्रदेशसभाले मलाई हटाउँछ भने म त्यसलाई स्वीकार्छु,' सिंहले भने, 'पार्टीकै कतिपय नेताले यो मुद्दालाई अनावश्यक जटिल बनाइ रहनुभएको छ ।'



संविधानविद्हरू भने यस विषयमा दुई धारमा छन् । पूर्वमुख्य न्यायाधिवक्ता दीपेन्द्र झाका अनुसार दलसम्बन्धी ऐनअनुसार पार्टीले आफ्ना मुख्यमन्त्रीलाई फिर्ता बोलाएपछि सिंहले पद छोड्नुपर्ने हो । 'तर, उहाँले गलत परम्परा बसाल्नुभएको छ,' उनले भने ।

यता प्रदेश प्रमुख कार्यालयका निमित्त सचिव सत्रुधन यादवले भने कानुनी अस्पष्टता रहेको टिप्पणी गरे । 'संविधानमा पार्टीले फिर्ता बोलाउँदैमा मुख्यमन्त्री हट्ने व्यवस्था छैन । यसबारे कानुनविद्हरूसँग परामर्श भइ रहेको छ,' यादवले भने । उनका अनुसार प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी काठमाडौंमा भएकाले जनकपुर फर्केपछि थप छलफल हुने र निर्णय निकालिनेछ ।

# जनकपुरमा प्रदेशसभा भवनमा ४० करोड बराबरको क्षति



**खबर दर्पण समाचारदाता**

**असोज १ गते, बर्दिवास**

जनकपुरधाम उपमहानगरपालिका-१२ स्थित मधेश प्रदेशसभा र सचिवालयमा जेनजी समूहको आन्दोलनको क्रममा भएको तोडफोड र आगजनीका कारण करिब रु ४० करोड बराबरको भौतिक क्षति भएको छ।

सभामुख रामचन्द्र मण्डलका अनुसार सातै दलका संसदीय दलका कार्यालयदेखि लिएर सभामुख र दलका सभापतिहरूका कार्यकक्षसम्म कुनै पनि सुरक्षित छैनन्। सचिवालयका अधिकांश शाखामा भएको तोडफोड र आगजनीका कारण कार्य सम्पूर्णरूपमा प्रभावित भएको उनले बताए।

आन्दोलनकारीहरूले कार्यालय क्षेत्र मात्र नभई गाडी र व्यक्तिगत सम्पत्तिमा समेत आक्रमण गरेका छन्। सचिवालयको हायस गाडीमा आगजनी गरी ध्वस्त पारिएको छ भने सभामुख मण्डलको निजी गाडीको सिसा फुटाइएको छ। साथै, कार्यालयभित्र रहेका फर्निचर, कम्प्युटर, ल्यापटप, टेलिभिजन, पङ्खा, इन्टरनेट सामग्री लगायतका उपकरण लुटपाट हुनुका साथै जलाएर नष्ट गरिएको छ।

सभामुख मण्डलले आन्दोलनकारीहरूले आफ्नै निवासमा समेत तोडफोड गरी तीन तोला सुनका गहना समेत लुटेको बताएका छन्। "यो घटना अत्यन्तै गम्भीर र दुःखद् छ,"



बाँकी पृष्ठ ४ मा



शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

खबर दर्पण
राष्ट्रिय दैनिक



# ओलीलाई बर्खास्त गर्ने जेनजीको 'विद्रोह'मा सेना र सशस्त्रको 'साथ', राजीनामापछि मात्र बालुवाटारमा हेलिकप्टर

**खबर दर्पण समाचारदाता**

**असोज १ गते, बर्दिवास**



केपी ढुंगाना




भदौ २३ गते सोमबार भएको प्रदर्शनमा १९ जनाको मृत्यु र ३ सयभन्दा बढी घाइते भएको घटना सार्वजनिक भएसँगै स्थानीय प्रशासनले भोलिपल्ट काठमाडौंका थप क्षेत्रमा कर्फ्यु आदेश जारी गर्यो। तर, बिहानैदेखि रिङरोड बाहिरबाट जेन-जी पुस्तासँगै अभिभावकहरू सडकमा उत्रिन थालिसकेका थिए।

शान्तिपूर्ण आन्दोलनमा सहभागी युवापुस्तामाथि सरकारले गोली हानेर दमन गरेको भन्दै उनीहरू आक्रोशित थिए। कर्फ्यु क्षेत्रमा जुन खालको सुरक्षा प्रबन्ध हुनुपर्थ्यो, त्यो थिएन। बिहानीपख केही प्रहरी देखिए पनि प्रदर्शनकारीको संख्या बढेसँगै उनीहरू पनि भित्री शहरतिर खुम्चिए।

बिहानैदेखि 'अब नेताको घर घेर्नें' भन्दै टोल-टोलमा प्रदर्शनकारी भेला हुन थालिसकेका थिए। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को खुमलटारस्थित निवासतर्फ प्रदर्शनकारी जान खोज्दा प्रहरीसँग झडप भएको सूचना आइ रहेको थियो। नौ नबज्दै उता बुढानीलकण्ठ क्षेत्रमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको निवासतिर जान देउवा चोकमा स्थानीय भेला भएको सूचना बाहिरियो।

मंगलबार विहान प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरूसँग अवस्थाबारे जानकारी लिए। तीनवटै सुरक्षा सङ्गठनका प्रमुखहरूले सडकमा प्रदर्शनकारीको संख्या बढी रहेको, नेताहरूको निवास लक्षित आक्रमण हुनसक्ने भन्दै अवस्था 'क्रिटिकल' रहेको ब्रिफिङ गरे।

'प्रायः प्रमुख नेताहरूको घर रहेको क्षेत्रमा प्रदर्शनकारीहरू भेला भइरहेका थिए। प्रधानमन्त्रीलाई त्यही अवस्थाबारे जानकारी गराउँदै अवस्था जोखिमयुक्त रहेको ब्रिफिङ गरियो,' जानकार स्रोतले उकेरालाई भन्यो, 'तर प्रधानमन्त्रीले 'ए' भन्दै सुरक्षा व्यवस्था बलियो बनाउनु मात्र भन्नुभयो। उहाँले अवस्थालाई त्यति गम्भीरताका साथ लिनुभएन।'

प्रदर्शनकारीहरू छरिन थालिसकेका थिए। त्योभन्दा पनि जोखिमपूर्ण कुरा, प्रहरी कार्यालय र नेताहरूको निवासतर्फ जान खोज्नेहरूको संख्या बढिसकेको थियो। खटिएका सुरक्षाकर्मीले मात्र भिड नियन्त्रण गर्न सक्ने अवस्था थिएन। सेना र सशस्त्रले प्रहरीलाई पूर्ण असहयोग गरिरहेका थिए।

१२ बजेतिर प्रचण्ड निवासमा आक्रमण भइसकेको थियो। तर, त्यही बेला प्रधानमन्त्री ओली भने सर्वदलीय बैठकको तयारीमा लागे। उनले उत्पन्न परिस्थितिको मूल्याङ्कन गर्न र सार्थक निष्कर्षका लागि सम्बद्ध पक्षसँग संवादमा रहेको तथा साँझ ६ बजे सर्वदलीय बैठक आह्वान गरेको भन्दै विज्ञप्ति सार्वजनिक गरे।

तर, त्यो बेलासम्म संवादबाट समाधान खोज्ने परिस्थिति बिग्रिसकेको थियो। प्रचण्ड निवाससँगै भैँसेपाटीमा रहेको मन्त्रीहरूको सरकारी आवास क्षेत्रमा समेत आक्रमण शुरू भइसकेको थियो। नेताहरुको घर खोजी, खोजी आक्रमण गरियो।

कार्यालयहरूमा निरन्तर आक्रमण भएएपछि प्रहरी आफैं रक्षात्मक अवस्थामा पुगिसकेका थिए। प्रधानमन्त्री ओली यी सबै घटनाक्रम बारे जानकार भए पनि ढुक्क थिए।

## अब आन्दोलनको पहिलो दिनका केही तथ्य उल्लेख गरौं:

नेपालमा सूचीकृत नभएका सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने क्रम शुरू भएसँगै नेपालमा लोकप्रिय रहेको टिकटकमा सत्तामा रहेकाहरूका सन्तानले प्रदर्शन गर्ने विलासी जीवनशैलीका तस्बिर र भिडियोलाई आधार बनाएर 'नेपोबेबी' अभियान फैलँदै गएको थियो। यसबारे अधिकांश मिडिया बेखबर देखिएका थिए भने सुरक्षा निकायले पनि यसलाई गम्भीरताका साथ लिएको देखिएन।

सामाजिक सञ्जालमा मात्र बोलेर हुन्न, अब सडकमै आउनुपर्छ भन्ने माग चर्कँदै गएपछि शनिबारबाट एकाएक सोमबार बिहान ९ बजे नयाँ बानेश्वरमा भेला हुने सूचनाहरू सार्वजनिक हुन थाले। आइतबार बिहान भने समय र स्थान बदलिएर माइतीघर मा ११ बजे भेला हुने सूचना आइरहेका थिए।

आइतबार दिउँसो जिल्ला प्रशासन कार्यालय काठमाडौंमा प्रदर्शनको अनुमति माग्दै निवेदन पर्यो। शान्तिपूर्ण आन्दोलनको सर्तमा स्वीकृति पनि आयो। लगत्तै काठमाडौंका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा नेपाल प्रहरी, सशस्त्र र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधिहरूसहितको बैठक बस्यो। बैठकले प्रदर्शनमा न्यूनतम बल प्रयोग गर्ने निर्णय गर्यो।

तोकिएको समयअनुसार सोमबार बिहान ९ बजेबाट फाट्टफुट्ट प्रदर्शनकारीहरू भेला हुन थाले। नयाँ बानेश्वरमा भन्दा माइतीघर मा प्रदर्शनकारीको संख्या बढ्दै थियो। कलेज ड्रेसमा राष्ट्रिय झन्डा बोकेकाहरूको संख्या थपिँदै थियो। एकाएक माइतीघरमा भेला भएका प्रदर्शनकारीहरू नयाँ बानेश्वरतिर अगाडि बढे।

बिजुलीबजारको पुल कटेर केही मिटर अगाडि प्रहरीले 'ह्युमन ब्यारिकेट' (ढाला र लाठी बोकेका प्रहरीको लाइन) राखेको थियो। प्रदर्शनकारीहरूलाई उनीहरूले रोक्न बल प्रयोग गरेनन्। प्रदर्शनकारीहरू सहजै एभरेस्ट होटल अगाडिसम्म पुगे।

एभरेस्ट होटल कटिसकेपछि निषेधित क्षेत्रमा प्रवेश गर्न नदिन फलामे ब्यारिकेटसहित सुरक्षाकर्मी खटिएका थिए। उत्तेजित हुँदै गएका प्रदर्शनकारीहरूले ब्यारिकेट तोड्ने प्रयास गरे, प्रहरीले जोगाउने।

केही समयको घम्साघम्सीपछि ब्यारिकेट भत्कियो। प्रहरीले सामान्य बल प्रयोग गर्यो। केही सेल अश्रुग्यास र पानीको फोहरा हानियो। तर भिड नियन्त्रणको विधि हेर्दा 'हामीले सबै बल प्रयोग गरेका हौं' भन्ने देखाउन मात्र खोजिएको जस्तो थियो। अन्तिम ब्यारिकेट भत्काउने प्रयास रोक्न यसअघि प्रहरीले जुन तहको बल प्रयोग गर्थ्यो, त्यो देखिएन।

अन्तिम ब्यारिकेट तोडिएपछि उत्साहित प्रदर्शनकारीहरू नयाँबानेश्वर चोकमा पुगेर बाँडिए। एक समूह मीनभवनतिर हुँदै संसद् भवनको दक्षिणी भागबाट भित्र छिर्ने प्रयासमा लाग्यो। अर्को समूह दक्षिण गेटमा पुगेर धक्कामुक्की गर्न थाल्यो।

तेस्रो समूह सिधै नयाँबानेश्वर चोकबाट पुरानो बानेश्वरतिर जाने प्रयासमा लाग्यो। त्यहाँ प्रहरीको 'ह्युमन ब्यारिकेट' त थियो तर उनीहरूले धान्न सकेनन्। प्रदर्शनकारी प्रहरीको सुरक्षा घेरा तोडेर

*बाँकी पृष्ठ ३ मा*



## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ओलीलाई बर्खास्त गर्ने जेनजीको ‘विद्रोह’मा सेना र......

अगाडि बढे र सिधै संसदको पश्चिमी गेटनजिक भेला भए।
केही प्रदर्शनकारी संसद् भवनको गेटसँगैको एकतले भवनको छतमा चढेर प्रहरीतिर ढुंगा हान्न थाले। गेटबाहिर रहेका प्रहरी र सशस्त्रले लाठी प्रहार गरेर भिड हटाउने प्रयास गरे, टियर ग्याँस हाने, तर भिड नियन्त्रणमा आएन।
उता दक्षिणतिर रहेको भिडले संसद् भवनको पर्खालमा प्वाल पारेर र केही पर्खाल नाघेर परिसरभित्र छिरिसकेका थिए। त्यसपछि संसद् भवन परिसरमा रहेका प्रहरीहरूले गोली चलाउन थाले।

## संसदभित्र छिर्न नदिने निर्देशनले निम्त्याएको वित्यास

संसद् भवन बाहिर प्रदर्शनकारीहरू संसद् भवनको परिसरभित्र छिर्ने प्रयासमा थिए। संख्या बढिरहेको थियो। संसद् भवनको सुरक्षामा खटिएको प्रहरी कमान्डरले प्रदर्शनकारीहरू संसदभित्र छिर्न थालेको रिपोर्टिङ गरेपछि आदेश आयो, ‘कुनै पनि हालतमा प्रदर्शनकारीलाई रोक्नु, माथिको आदेश छ।’
त्यसपछि प्रहरीको गोली चल्न थाल्यो। सडकमा एकपछि अर्को गर्दै प्रदर्शनकारीहरू ढल्न थाले। भिड नियन्त्रण विधिको अन्तिम अस्त्रअनुसार प्रहरीले गोली चलाउँदा घुँडामुनि लाग्ने गरी हान्नुपर्ने कानुनी व्यवस्था छ, तर अधिकांशको कि टाउकोमा कि छातीमा गोली लाग्यो।
यसको कारण थियो- संसद् भवनभित्र भिड नियन्त्रणमा खटिने सामान्य प्रहरी मात्र नभएर प्रहरीको ‘स्पेसल टास्क फोर्स’का सदस्यहरू पनि खटिएका थिए, जसको तालिम नै टाउको वा छातीमा गोली हान्ने हुन्छ। उनीहरू नेपाल प्रहरीका कमान्डोहरू हुन्।
संसदभित्र छिरिसकेका केही प्रदर्शनकारीलाई भित्र रहेका प्रहरीले नियन्त्रणमा लिए। पर्खाल नाघेर भित्र छिर्न खोज्नेहरूलाई रोक्न कमान्डोहरूले आधा शरीर झुकाएर घुँडा टेकेर गोली चलाए।
पर्खाल नाघेर भित्र छिर्न खोज्नेहरूमाथि चलेको अधिकांश गोली संवेदनशील अङ्गमा लाग्यो। दक्षिणी गेट र पश्चिमी गेटमा भित्रबाट उभिएर प्रहरीले गोली चलाउँदा पनि प्रायः को टाउकोमै गोली लाग्यो।
अस्पतालमा घाइतेहरूको संख्या बढ्दै गयो। प्रहरीलाई सघाउन उपत्यकामा रहेका प्रहरीको थप बल पुग्यो। बेलुका पाँच बजेबाट प्रदर्शनकारीहरूको मृत्यु भएको खबर बाहिरिएपछि माहोल थप बिग्रँदै गयो।
युवा पुस्ताको आन्दोलनको प्रभाव काठमाडौं बाहिर पनि फैलिसकेको थियो। गोली लागेर प्रदर्शनकारी मारिएको समाचार बाहिरिएसँगै उत्तेजना बढिरहेको थियो। अस्पतालमा घाइतेको संख्या बढिरहेको थियो भने निजामती र ट्रमा सेन्टरमा पुर्याइएका घाइतेहरूको मृत्यु संख्यासमेत बढिरहेको थियो।
अवस्था संवेदनशील देखिएपछि प्रधानमन्त्री ओलीले बालुवाटारमा राष्ट्रिय सुरक्षा परिषदको बैठक राखेका थिए। बैठकमा सेनासहित तीनवटै सुरक्षा अङ्गका प्रमुखहरूले आ-आफ्नो विश्लेषण सुनाए। प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले प्रदर्शनकारीहरूले सर्तअनुसार शान्तिपूर्ण नभई हिंसात्मक आन्दोलन गरेको र संसद् भवन प्रवेशको प्रयास गरेकाले बल प्रयोग गर्दा मानवीय क्षति भएको ब्रिफिङ गरे।
घाइते प्रदर्शनकारीहरूको मृत्यु संख्या बढ्दै गए मंगलबार उनीहरूको समर्थनमा अभिभावकसहित प्रदर्शन हुनसक्ने, यदि मृतकका विद्यार्थीहरूको संख्या धेरै भए अवस्था जटिल हुनसक्ने सुरक्षा ब्रिफिङ भएको थियो।
बैठकको छलफलबारे जानकार स्रोतका अनुसार प्रधानमन्त्री ओलीले यसलाई युवाहरूको मात्र आन्दोलन मान्नै चाहेनन्। उनले घुसपैठका कारण घटना भएको र युवाको आन्दोलनमा प्रमुख प्रतिपक्षी माओवादी केन्द्र र राजावादीहरूले घुसपैठ गरेको भन्दै सरकारले परिस्थिति सम्हाल्ने बताए। अनि उनले सेनासहित तीनवटै सुरक्षा सङ्गठनलाई शान्ति सुरक्षा कायम गर्न निर्देशन दिइरहे।
राष्ट्रिय अनुसन्धान विभाग आफैं मातहत रहे पनि बाहिर के भइरहेको छ ओली जानकार देखिएनन्।
राष्ट्रिय अनुसन्धान विभाग आफैं मातहत रहे पनि बाहिर के भइरहेको छ ओली जानकार देखिएनन्।
राष्ट्रिय अनुसन्धान विभाग आफैं मातहत रहे पनि बाहिर के भइरहेको छ भन्नेबारे ओली जानकार देखिएनन्।
बैठकमा प्रहरी महानिरीक्षक खापुङले नयाँबानेश्वरको घटनापछि प्रहरीको मनोबल कमजोर भएको र सबै ठाउँको सुरक्षामा प्रहरी खटिँदा सम्भावित प्रदर्शन रोक्ने जनशक्तिको अभाव हुने



भन्दै महत्त्वपूर्ण भवनसहितका स्थानमा सेना र सशस्त्र प्रहरी खटिए सहज हुने प्रस्ताव राखे।
स्रोतका अनुसार बैठकमा सहभागी प्रधानसेनापति अशोकराज सिग्देलले निकै सहज रूपमा ‘हुन्छ, सुरक्षा जोखिम हुने स्थानहरूको सुरक्षामा सेना खटाउँछु, सशस्त्र र प्रहरी प्रदर्शनमा केन्द्रित हुनुस्’ भने।
बैठकमा रिङरोड क्षेत्रभित्र कर्फ्यु आदेश जारी गर्ने सहमतिसँगै सुरक्षा सङ्गठनका प्रमुखहरू बाहिरिए। प्रधानमन्त्रीले मन्त्रिपरिषद्को बैठक राखेर घाइतेको उपचार र घटनाको छानबिन गर्न उच्चस्तरीय समिति गठनको निर्णय गराए।

## प्रहरीलाई सेना र सशस्त्रको ‘धोका’

कामको बाँडफाँडमा सोमबार बेलुका भएको सहमतिअनुसार रिङरोडको मुख्य चोकसहितका स्थानमा प्रहरी बिहानैदेखि परिचालित भइसकेका थिए। महत्त्वपूर्ण भवनको सुरक्षामा खटिएका प्रहरीलाई समेत ‘ब्याकअप फोर्स’का रूपमा प्रयोग गर्न झिकाइएको थियो। तर, प्रतिबद्धताअनुसार सेना र सशस्त्र प्रहरी खटिएनन्। महत्त्वपूर्ण सरकारी भवन, मन्त्री निवास, प्रधानमन्त्री निवास, पूर्वप्रधानमन्त्रीलगायत सुरक्षा जोखिम बढी हुनसक्ने क्षेत्रमा सेना खटिने भनिए पनि उनीहरू आएनन्। सोमबारको बैठकको सहमतिअनुसार जुन-जुन ठाउँमा सशस्त्र खटिने भनिएको थियो, त्यहाँ सशस्त्र थिएन।
सशस्त्रका प्रमुख राजु अर्यालले “प्रहरीलाई सपोर्ट गर्नु पर्दैन, आफू सुरक्षीत हुने, लोकेसन चेन्ज गर्ने” भनेर आदेश दिएको सूचना आयो।
सडकमा प्रदर्शनकारीको संख्या बढ्दै गयो। उता, नेताहरूको घरमा निरन्तर आक्रमण भइरहेका घटनाहरू आइरहेका थिए। सेना आएन, सशस्त्र प्रहरी पनि ‘ब्याकअप फोर्स’मा नभई आफूअनुकूल खटियो। प्रदर्शन देशव्यापी रूपमै हिंसात्मक भइसकेको थियो।
प्रहरी कार्यालयहरू समेत आक्रमणको निशानामा पर्न थालेपछि प्रहरीको कन्ट्रोल रुमबाट निर्देशन आयो, ‘थुनुवाको सूची तयार पार्ने, हतियार र सञ्चार सेट, सवारीसाधनको सुरक्षा गर्ने, कार्यालयमा आगजनी र आक्रमण भयो भने रोक्न सके सेल प्रयोग गर्ने, नत्र आफ्नो सुरक्षा गर्ने, थुनुवा छाड्ने।’
निर्देशनमा सेल मात्र प्रयोग गर्न भनिएको थियो, हतियार प्रयोगबारे केही भनिएन। त्यसपछि सडकमा खटिएका सुरक्षाकर्मीहरू पनि आफैं सुरक्षित हुन थाले।

## देउवा कुटिएपछि तर्सिए प्रधानमन्त्री

उता, बुढानीलकण्ठको देउवा चोकमा ११ बजेदेखि नै प्रदर्शनकारीहरू भेला भइसकेका थिए। प्रहरीले करिब एक बजेसम्म भिडलाई थेगेरै राख्यो, तर धान्नै नसक्ने भएपछि छाडिदियो। उनीहरू नाराबाजी गर्दै देउवा निवास पुगे। गेट भित्रबाट बन्द थियो।
प्रदर्शनकारीहरूले पर्खाल भत्काएर परिसरमा प्रवेश गरी देउवा निवासमा छिरे। सुरक्षामा खटिएको सशस्त्र र सेनाले ‘सरेन्डर’ गरे। लुटपाट गर्न घरभित्र छिरेको समूहले भित्र देउवा दम्पतीलाई भेटेपछि कुट्दै बाहिर निकाल्यो। केही मनकारी प्रदर्शनकारी र सुरक्षाकर्मीले भर्याङबाट उनीहरूलाई भवनको पछाडिको चौरमा झारे। त्यता पनि आक्रमण भएपछि बल्लबल्ल सेनाले प्रदर्शनकारीहरूलाई हटाएर दुवैको उद्धार गर्‍यो।
त्यो बेलासम्म प्रधानमन्त्री ओली सरकारी निवासमै थिए। प्रधानमन्त्री निवासको दक्षिणी गेटमा प्रदर्शनकारीको संख्या बढिरहेको थियो। प्रधानमन्त्री निवासको परिसरको सुरक्षामा सशस्त्र प्रहरी, भित्री सुरक्षामा सेना र गेटमा प्रहरी खटिएका थिए।
गेटको सुरक्षामा खटिएका सुरक्षाकर्मीहरूले जोखिम बढिरहेको सूचनासँगै देउवा दम्पती आफ्नै घरमा कुटिएको खबर पुर्याएपछि भने प्रधानमन्त्री ओली माहोल बिग्रिएको चाल पाएर झस्किए।
प्रधानसेनापतिको सन्देशः ‘राजीनामा दिनुस्, अनि मात्र उद्धार’
प्रदर्शनकारीहरू प्रधानमन्त्री निवासभित्र छिर्ने जोखिम रहेको सूचना पाएपछि प्रधानमन्त्री ओलीले प्रधानसेनापति सिग्देललाई फोन गरेर बालुवाटारको सुरक्षा अवस्थाबारे जानकारी दिँदै ‘सेनाको संख्या बढाउन’ भने। स्रोतका अनुसार सिग्देलले वास्ता गरेनन्।
उता, सशस्त्र प्रहरी बलबाट पनि राम्रो प्रतिक्रिया नआएपछि उनले प्रधानमन्त्री निवासमा बस्न चाहेनन्। उनले बाहिर निस्कन सक्ने अवस्थाबारे बुझ्दा निवासमा रहेका सुरक्षाकर्मीले सम्भव नभएको, सडकमा प्रदर्शनकारी रहेको र बालकोटमा रहेको घर समेत जलाइसकेको सूचना दिएपछि उनले पुनः प्रधानसेनापतिलाई फोन गरेर हेलिकप्टर पठाउन आग्रह गरे।
‘प्रधानमन्त्रीज्यूले हेलिकप्टर मगाउँदा उताबाट सर्तको रूपमा ‘पहिला राजीनामा दिनुस्, अनि मात्र’ भन्ने सन्देश आएपछि निवासभित्रै राजीनामा पत्र तयार भयो। अनि एक व्यक्तिले राष्ट्रपतिलाई जानकारी गराएर राजीनामा लगेका थिए,’ जानकार स्रोतले भन्यो, ‘राष्ट्रपति कार्यालयबाट प्रधानमन्त्रीको राजीनामा स्वीकृत भएको सूचना पुगेपछि मात्रै सेनाको हेलिकप्टर बालुवाटार स्थित प्रधानमन्त्री निवासमा आयो। त्यसपछि प्रधानमन्त्री र उनकी श्रीमतीलाई सेनाले हेलिकप्टरमा राखेर बालुवाटारबाट उडायो।’

## उपप्रधानमन्त्रीलाई सेनाको सन्देशः ‘आदेश छैन’

बालुवाटारमा प्रधानमन्त्री ओलीसँगै उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल, सभामुख देवराज घिमिरे लगायतका नेताहरू पनि थिए। उनीहरू प्रधानमन्त्री ओलीसँगै हेलिकप्टर चढ्न खोज्दा ‘आदेश छैन’ भनेर सेनाले चढ्न दिएन।
बाहिर गेटमा प्रदर्शनकारीको संख्या बढिरहेको थियो। सेनाको गाडी भित्रै थियो। प्रधानमन्त्री निवासका केहीलाई सेनाले गाडीमा राख्यो। प्रहरीले अर्थमन्त्री पौडेललाई सेनाको गाडीमा चढाउन खोज्दा पनि ‘आदेश नभएको’ जवाफ आयो।
भिडको जोखिम देखेपछि विष्णु पौडेल, सभामुख देवराज घिमिरे लगायत जसोतसो प्रधानमन्त्री निवासबाट बाहिरिएर प्रहरी प्रधान कार्यालय पुग्न सफल भए। उनीहरू पुगेको केही बेरमै गभर्नर विश्व पौडेल पनि प्रहरी प्रधान कार्यालय आए। एमाले महासचिव शङ्कर पोखरेलसहितका नेतासमेत सुरक्षा खोज्दै प्रहरी प्रधान कार्यालय, नक्साल पुगेका थिए।
नेताहरू प्रहरी प्रधान कार्यालय छिरेको थाहा पाएपछि प्रदर्शनकारीहरू प्रधान कार्यालयभित्र छिर्ने प्रयासमा थिए, जसलाई प्रहरीको विशेष कार्यदलको कमान्डो टोलीले जोगायो। यसबीचमा संसद, सिंहदरबारसँगै बालुवाटारमा रहेको प्रधानमन्त्री निवाससमेत आगोको ज्वालामा पर्‍यो। राष्ट्रपतिले केपी ओलीको राजीनामा स्वीकृत भएको भन्दै शान्ति कायम गर्न र वार्तामा आउन आन्दोलनरत पक्षलाई आग्रह गरे।
काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले प्रधानसेनापतिसँग मात्र वार्ता गर्ने र संसद् विघटनलाई पूर्वसर्त राख्न आन्दोलनरत पक्षलाई फेसबुकबाट निर्देशन दिए। बालेनले भनेअनुसार नै राजनीतिक वार्तामा प्रधानसेनापति सिग्देल सक्रिय भए। मंगलबार बेलुका १० बजेबाट सेना बल्ल सडकमा आयो। शान्ति सुरक्षामा सुधार हुँदै गएपछि संसद् विघटनको सर्तमा सुशीला कार्की प्रधानमन्त्री हुन राजी भइन्। शुक्रबार उनले शपथ लिएलगत्तै संसद् विघटनको सिफारिस गरिन्, जसलाई राष्ट्रपतिले सदर गरिदिए।-**उकेरा डटकम**

# जेनजी आन्दोलनका शहीदप्रति सबैतीर सम्मान

**खबर दर्पण समाचारदाता**
**असोज १ गते, बर्दिवास**

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा निधन भएका विद्यार्थी, सर्वसाधारण नागरिक तथा सुरक्षाकर्मीप्रति देश व्यापी रुपमा सामूहिक श्रद्धाञ्जली अर्पण गरिएको छ

बुधबार साँझ धनुषा, महोत्तरी सहित देश भर नै दीप प्रज्वलन गरी श्रद्धाञ्जली सभाको आयोजना गरिएको थियो ।

कार्यक्रममा स्थानीय व्यवसायी, विद्यार्थी, महिला समूह, सामाजिक अभियन्ता र सर्वसाधारण नागरिकको उल्लेख्य उपस्थिति रहेको थियो ।

सहभागीहरूले दीप प्रज्वलन गर्दै शहीद आत्माको शान्तिको कामना गरेका थिए ।

सभामा वक्ताहरूले शहीदहरूको बलिदानलाई जनआन्दोलन र लोकतान्त्रिक मूल्यहरूको प्रेरणास्रोतका रूपमा स्मरण गर्दै समाजमा शान्ति, न्याय र समानताको मार्ग प्रशस्त गर्ने प्रतिवद्धता व्यक्त गरे ।

# जनकपुरधाममा मानव अधिकार रक्षकहरुद्वारा शान्ति ऱ्याली

**खबर दर्पण समाचारदाता**
**असोज १ गते, बर्दिवास**

राष्ट्रिय मानव अधिकार आयोग मधेस प्रदेशको आयोजना र मानव अधिकार रक्षक सञ्जाल मधेस प्रदेशको सहकार्यमा ०८२ असोज १ गते दिउँसो जनकपुरधाममा शान्ति ऱ्यालीको आयोजना गरिएको छ ।

जेनजि आन्दोलनमा मृत्युबरण गर्नु हुने सबैमा हार्दिक श्रद्धाञ्जली गर्दै मुलुकमा शान्ति र सुव्यवस्था कायम गरी मानव अधिकार संरक्षण र सम्मान गरिनुपर्ने उद्देश्यका साथ रमानन्द चोकबाट सुरु गरिएको शान्ति ऱ्याली बाह्र विघहा, जानकी चोक हुँदै जनक चोकमा पुगी कोण सभामा परिणत भएको थियो ।

कोण सभालाई सम्बोधन गर्दै राष्ट्रिय मानव अधिकार आयोग मधेस प्रदेश कार्यालयका प्रमुख तथा सहचिव बुद्धनारायण साहनीले मानव जीवनको मूल्य र अधिकारको संरक्षणका लागि सबै तह प्रतिबद्ध हुनुपर्ने बताउनु भयो । मानव अधिकारको लागि शान्ति अपरिहार्य तत्व रहेको वहाँले उल्लेख गर्नु हुँदै यसका लागि सबैले आ-आफ्नो स्थानबाट योगदान गर्नुपर्नेमा जोड दिनु भयो ।




कार्यक्रम सञ्चालन गर्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) मधेस प्रदेश संयोजक तथा मानव अधिकार रक्षक सञ्जाल मधेस प्रदेशका अध्यक्ष राजु पासवानले मानव अधिकार , शान्ति र न्यायको पक्षमा सहकार्य गर्दै सबै पक्ष अघि बढ्नुपर्ने आवश्यकता रहेको बताउनु भयो । संयोजक पासवानले जेनजि आन्दोलनमा मृत्युबरण गरेका सबै सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते सबैको सिघ्र स्वास्थ्य लाभको कामना गर्नु भएको थियो ।

कोण सभा पश्चात शान्ति ऱ्यालीमा सहभागी सबै जनाले जनक चोकमा दीप प्रोज्वलन गर्दै जेनजि आन्दोलनका क्रममा मृत्यु भएका सबै सहिदहरु प्रति एक मिनेट मौन धारण गर्दै श्रद्धाञ्जली अर्पण गरेका थिए । कार्यक्रममा नेपाल पत्रकार महासंघ, महिला मानव अधिकार रक्षक सञ्जाल, नागरिक समाज र मानव अधिकारका क्षेत्रमा क्रियाशिल संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

यस शान्ति ऱ्यालीले शान्तिपूर्ण समाज निर्माण, मानव अधिकारको सम्मान र सुशासनको आवश्यकता पुनः उजागर गरिएको सहभागीहरूले बताएका छन् ।

# जनकपुरमा प्रदेशसभा....

उनले भने।

यता सचिवालयले जारी गरेको विज्ञप्तिमा प्रदेशसभाभित्र रहेको मिडिया सेन्टरका कम्प्युटर, टेलिभिजनसहितका सम्पूर्ण विद्युतीय उपकरण लुटपाटमा परेको उल्लेख गरिएको छ। साथै, सचिव वासुप्रसाद कोइराला द्वारा हस्ताक्षरित सूचनामार्फत आन्दोलनको क्रममा लगिएका कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, क्यामेरा, माइक, स्पिकर, फोटोकपी मेसिन, एसीलगायत सम्पूर्ण भौतिक सामग्री फिर्ता गर्न आग्रह गरिएको छ।

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

मनरा सिस्वा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं
- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

भंगहा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं
- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

एकडारा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

सोनमा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

जलेश्वर नगरपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

महोत्तरी गाउँपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,